# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
**Secretariat of Federal Council**

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय

मिति : २०७३ माघ ४ गते

# प्रेश विज्ञप्ती

न्याय परिषदले उच्च अदालतका न्याधीश नियुक्तिमा हाले गरेको ८० जना न्यायधीशहरुको सिफारिसप्रति नेपाल आदिवासी जनजाति महासंघको गम्भीर ध्यान आकर्षण भएको छ । देशको कुल जनसंख्याको ३८ प्रतिशत ओगट्ने आदिवासी जनजातिहरु न्यायपालिकामा सदैव बहिष्करणमा परेका छन् । यसबाट उनीहरुको न्यायमा पहुँच नहुने विगतमा भइ आएका छन् । आदिवासी जनजातिहरु प्रति भएको अन्यायलाई न्यायपालिकाबाट पटक-पटक नजरअन्दाज गरिएका छन् । चाहे त्यो भाषाका मुद्दामा होस् वा राजनीतिक संगठन गर्ने सवालमा । आदिवासी जनजातिले न्यायपालिका समावेशी होस् ताकी त्यसबाट निसृत हुने निर्णइ न्यायपूर्ण होस् भनी पटक-पटक राज्यसँग सम्झौताहरुमा न्यायपालिकाको पुनर्संरचना र समावेशीता सुनिश्चित् गर्ने प्रतिबद्धता गरिएका छन् । यी सम्झौताहरुलाई अन्तरिम संविधानमा संस्थागत गरिएको थियो ।

परिषदले गरेका सिफारिस संविधानको धारा, १८, ३८, ४०, ४२, ५१ ञ (८), धारा १५३ विपरित रहेको तथा सिफारिसले नेपाल पक्ष राष्ट्र रहेको सवै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धिको परिभाषा अनुसार आदिवासी जनजाति, मधेशी र दलितलाई जातीय विभेद र बहिष्करण गरेको छ । आदिवासी जनजातिका ५९ समूदायमध्ये केही समुदायलाई टिपेर बाँकीलाई पुर्णरुपमा बहिष्करण गरेको र न्यायपालिकामा एकलजातीय बर्चश्व कायम गरेकोप्रति महासंघ गम्भीर आपत्ति प्रकट गर्दै, न्याय परिषद तथा सरकारलाई उत्त त्रुटी सच्याई जातीय जनसंख्याको आधारमा समानुपातिक हुनेगरी न्यायधीश नियुक्ति गर्न नेपाल आदिवासी जनजाति महासंघ अपिल गर्दछ ।

**नित्या नन्द ताजपुरिया**
**महासचिव**
**०१५५५५४५४/९८५२६७०२८४**